# मिति २०७७/०६/३० गते सम्पन्न ५० औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १ :**

नगर कार्यपालिकाको कार्यालयले तयार गरी विधेयक समितिमा छलफल समेत भई पेश भएको निम्नानुसारको कार्यविधिमा दफावार छलफल गरी संशोधन सहीत पारीत गर्ने निर्णय गरियो ।

- विद्यार्थि सिकाई सहजीकरण सम्बन्धी मापदण्ड २०७७
- दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन मापदण्ड २०७७ पारित गर्ने सम्बन्धमा,

**निर्णय नं. २ :**

विभिन्न मितिमा नगर प्रमुखबाट कार्यपालिकाको बैठकबाट अनुमोदन गराउने गरी तपसिल बमोजिका योजनाहरुमा तपसिल बमोजिमका शिर्षकबाट रकम बिनियोजन गरी योजना सञ्चालन प्रक्रिया अगाडि बढाइ सकिएकोले उक्त योजनाको लागि बिनियोजन तथा खर्च गर्ने गरी भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो

- वडा नं. ३ को सेती देबी मन्दीरमा मुर्ती स्थापना रु.८७,०००।- (स्थानीय विकास कोष)
- वडा नं. ८ मा बाटो मर्मतको लागि रु.८,०००।- (मर्मत संम्भार कोष)
- वडा नं. ९ मा बाटो मर्मतको लागि रु.६५,०००।- (मर्मत संम्भार कोष)
- वडा नं. १३ को सुनगाभा टोलमा सामुदायिक भवन निर्माण ३,७५,०००।-(स्थानीय विकास कोष)
- टयाक्टर खरिदको लागि रु.१४,०० ०००।- (मौज्दात रकमबाट)

**निर्णय नं. ३ :**

नेपाल सरकारले जारी गरेको कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ मा कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारको लागि स्थानीय तहले खटाएका जनशक्तिलाई सम्बन्धित स्थानीय तहले नै जोखिम भत्ताको व्यवस्था गर्नु पर्ने व्यवस्था गरेको छ । यस नगरपालिका अन्तरगतका कर्मचारी कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न भएकाले तपसिल बमोजिमका जनशक्तिलाई उनीहरुले गर्ने कार्यको जोखिमको आधारमा ३ वर्गमा वर्गिकरण गरी २०७७ श्रावण १ देखी २०७७ आश्विन मसान्तसम्मको लागि देहाय बमोजिमको जोखिम भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(क) ल्याव टेक्निसियन श्री भिष्म चौधरी र श्री अष्मिता गिरीलाई उक्त अवधीको लागि शुरु तलब स्केलको एक महिनाको तलब बराबरको रकम भुक्तानी गर्ने ।

(ख) सि.अ.हे.ब.श्री रुद्र प्रसाद शर्मा र जनस्वास्थ्य निरीक्षक श्री निर्मल घिमिरेलाई उक्त अवधीको लागि शुरु तलब स्केलको आधा महिनाको तलब बराबरको रकम भुक्तानी गर्ने ।

(ग) हे.अ. श्री नवीन घिमिरे र अ.हे.ब. श्री रन्जित थापा मगरलाई उक्त अवधीको लागि शुरु तलब स्केलको एक चौथाई अर्थात २५ प्रतिशत बराबरको रकम भुक्तानी गर्ने ।

(घ) अ.न.मी. श्री सरीता जोसी र अ.हे.ब.श्री सुरबी बुढाथोकी चारै नगरपालिकाले सञ्चालन गरेको आईसोलेसनमा २१ दिनसम्म खटिएकोले सो आईसोलेशन सञ्चालनको लागि गठित समितिको निर्णय अनुसार त्यहाँ खटिएका कर्मचारीलाई प्रतिदिन रु.७००।- का दरले जोखिम भत्ता उपलब्ध गराउने निर्णय भए अनुसार रु.१४,७००।- दरले भुक्तानी दिने व्यवस्थाका लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

नगर कार्यपालिकाको कार्यालयबाट तयार गरी पेश भएको आ.व. २०७६/७७ को आर्थिक प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।